# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/०४/११ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला सुनसरी ईटहरी उप-महानगरपालिका वडा नम्बर-०२ स्थित यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, कोशी, सुनसरीमा कार्यरत लेखापाल भुपेन्द्र कटुवालले घुस/रिसवत नदिई सवारी चालक अनुमतिपत्र नबन्ने भनी पटक-पटक दवाब दिई जनही रु.२०,०००।-(बिस हजार) गरी दुई सेवाग्राहीसँग जम्मा रु. ४०,०००।-(चालिस हजार) घुस/रिसवत माग गरिरहेको भन्ने उजुरी एवम् निवेदनको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, ईटहरीबाट खटिई गएको टोलीले निज भुपेन्द्र कटुवाललाई रु.४०,०००।-(चालिस हजार) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुंदा लेखापाल भुपेन्द्र कटुवालले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएकोले निजलाई बिगो रु.४०,०००।-(चालिस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) तथा ३(१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता